आज मिति २०७५।१२।०१ गते शुक्रबारका दिन विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | अनुपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याखखा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजना राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री महेन्द्र खड्का | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री टेकनाथ रेग्मी | लेखा अधिकृत | उपस्थित |
| २ | श्री झमक भटराई | शाखा अधिकृत | अनुपस्थित |
| ३ | श्री दिनेश खड्का | स-कम्प्यूटर अपरेटर | उपस्थित |

<u>प्रस्तावहरु</u>

१. **वडागत रुपमा योजनाहरुको समिक्षा**
२. **सडक अधिकार क्षेत्रभित्र पसल व्यवसाय व्यवस्थापन सम्बन्धमा ।**
३. **बालमैत्री नगरस्तरीय समिति गठन सम्बन्धमा ।**
४. **विविध**

**निर्णय नं. १ :** चालु आ.व . २०७५।०७६ को योजनाहरुको अवस्था सम्बन्धी वडाअध्यक्ष ज्यूहरु बाट प्रस्तुति गरियो साथै सम्बन्धित वडाको हालसम्मको प्रगती विवरण तयार गरी ७ दिन भित्र नगरपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २ :** लोकमार्गको क्षेत्राधिकार भित्र रहेका अव्यवस्थित पसल,व्यवसायहरु व्यवस्थापन गर्न वडा समितिले समेत आवश्यक पहल गर्ने साथै नगर प्रहरी लगायत इलाका प्रहरी कार्यालय, बजार व्यवस्थापन समितिको सहयोगमा लोकमार्ग क्षेत्राधिकार भित्र रहेका अव्यवस्थित पसल, व्यवसायहरु व्यवस्थापन गर्ने । यदि अटेरी गरी पसल,व्यवसाय राख्नेहरुलाई नगर प्रहरी मार्फत उठाई पहिलो पटकमा कवुलियतनामा गराइ सचेत गराउने र पुन :दोह्याएमा प्रति पटक रु. ५०० दण्ड जरीमाना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** बालमैत्री स्थानिय शासन कार्यान्वयन कार्यविधि संसोधीत २०७४ को दफा १३ बमोजिम नगर समितिका सदस्यहरु मनोनयन गरी समिति पुरा गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** साविक डाँगीहाट गा.वि.स. र बाहुनी गा.वि.स. को नाममा यातायात व्यवस्था कार्यालयमा इटहरीमा दर्ता भएको तपशिल बमोजिमका मोटरसाइकलहरु बेलबारी नगरपालिका नगरकार्यपालिकाको कार्यालयको नाममा नामसारी गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | मोटरसाइकलको नाम | सवारी धनिको नाम(साविक) | सवारी दर्ता नं. | क्षमता | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुपर स्प्लेण्डर | डाँगीहाट गा.वि.स. | को.१.ब ११३९ | १२४.७ | |
| २ | यामाहा एसजेडआरआर | वाहुनी गा.वि.स. | को.२७. प ४१९७ | १४९.३ | |